**वादीसम्बन्धी जानकारी** *RFA आदेश जारी गरेपछिको लागि:*

अदालतले तपाईंलाई दुर्व्यवहारबाट बचाउने उद्देश्यले अन्तिम आदेश जारी गरेको छ । **प्रतिवादीले आदेश उल्लंघन गरेको खण्डमा प्रतिवादीलाई फौजदारी अदालतमा अपराधको कसुर लगाउन सकिन्छ ।**

अन्तिम आदेश जारी गरिएको भए तापनि तपाईंको स्थानीय घरेलु हिंसा एजेन्सीको वकिललाई अझै सम्पर्क गर्न सकिन्छ । तपाईंको क्षेत्रको वकिलका बारेमा जानकारीको लागि, यस वेबसाइट https://vtnetwork.org/get-help/ हेर्नुहोस् ।

**तामेली ।** सामान्यतया, प्रतिवादीले आफूले अदालत छोडेर जानुभन्दा अगाडि अन्तिम आदेशको प्रतिलिपि हातमा प्राप्त गर्दछन् । यदि प्रतिवादी त्यहाँ नभएमा वा सो हुन नसकेको खण्डमा प्रहरीले प्रतिवादीलाई तामेली गर्न लगाउनु अदालतको दायित्व हो । यदि प्रतिवादीलाई व्यक्तिगत रूपमा भेटेर तामेली गरिएको छैन भने आदेश लागू हुने छैन र तपाईंको सुरक्षा जोखिममा हुन सक्छ ।

**कार्यान्वयन ।** सबै आदेशले प्रतिवादीलाई तपाईं र/वा तपाईंका बच्चाहरूलाई दुर्व्यवहार गर्न प्रतिबन्ध लगाउँछ । तपाईंको आदेशले के भन्छ भन्ने कुराका आधारमा, प्रतिवादीलाई तपाईंलाई सम्पर्क गर्न वा तपाईं, तपाईंको घर, काम, विद्यालय वा गाडीको नजिक हुन अनुमति नदिन सकिन्छ । आदेशको कुनै उल्लङ्घन भएमा तपाईंले तुरुन्तै प्रहरीलाई खबर गर्नुपर्छ । प्रहरीले तपाईंलाई तपाईंको आदेश कार्यान्वयन गर्न मद्दत गर्ने छ । एक प्रति आफूसँग राख्नुहोस् । तपाईं अदालतबाट थप सामग्री प्राप्त गर्न सक्नुहुने छ ।

**कभरेज (समेट्ने क्षेत्र) ।** सुरक्षा निकायका सबै अधिकारीहरू तपाईंको आदेश लागू भएको छ र यसको सर्तहरू के हो भनेर हेर्न राष्ट्रव्यापी सूची जाँच गर्न सक्नुहुन्छ । तपाईंको आदेश राज्य र देशभर लागू हुन्छ ।

**आफूलाई दिइएको आदेश बुझ्ने तरिका ।** तपाईंले आफ्नो आदेश पढेर बुझ्नुपर्दछ । आदेश केवल प्रतिवादीको विरूद्ध जारी हुन्छ । यसको अर्थ प्रतिवादीले मात्र आदेश उल्लङ्घन गर्न सक्दछ र पक्राउ पर्न सक्छ । यदि निजलाई तपाईंलाई सम्पर्क नगर्न आदेश गरेको खण्डमा तपाईंले प्रतिवादीलाई सम्पर्क गर्न प्रोत्साहित गर्नु हुँदैन । प्रतिवादीको विरुद्ध कुनै पनि आपराधिक मुद्दा यस RFA मुद्दाबाट अलग रहेको छ । यो पारिवारिक अदालतको आदेशले कुनै पनि आपराधिक अदालतको रिहाईको वा प्रतिवादी विरुद्ध निगरानीमा राख्ने सर्तहरू परिवर्तन गर्दैन । यस RFA आदेशको परिवर्तन वा खारेजीले प्रतिवादीको रिहाइ वा निगरानीमा राख्ने सर्तहरू परिवर्तन गर्दैन ।

**आदेशमा परिवर्तन ।** अदालतले मात्र आदेश परिवर्तन गर्न वा खारेज गर्न सक्छ । तपाईं, प्रतिवादी वा दुवै पक्षको सम्झौताद्वारा आदेश परिवर्तन गर्न मिल्दैन । लिखित अनुरोध अदालतमा दायर गरेर न्यायाधीशले निर्णय गरेपछि मात्रै आदेश परिवर्तन गर्न सकिन्छ । हालको विद्यमान आदेशमा कुनै परिवर्तनहरू गर्नुअघि न्यायाधीशले सुनुवाइ गर्नुपर्ने हुन सक्छ ।

**सम्पर्क ।** यदि तपाईंले प्रतिवादीसँग कुराकानी गर्न परेमा र निजले तपाईंलाई सम्पर्क गर्न अनुमति नभएको खण्डमा न्यायाधीशले प्रतिवादीले तपाईंलाई सम्पर्क गर्नुअघि आदेश परिवर्तन गर्नुपर्ने हुन्छ ।

**व्यक्तिगत सामानहरू ।** तपाईंको आदेशले तपाईं वा प्रतिवादीलाई घरबाट व्यक्तिगत सामान लिनको लागि अनुमति दिन सक्ने छ । त्यो आदेशले अनुमति दिने ढङ्गबाट मात्रै हुनुपर्दछ । सहायताको लागि आफ्नो स्थानीय प्रहरीलाई सम्पर्क गर्नुहोस् ।
तपाईंले यस सेवाको लागि शुल्क तिर्नुपर्ने हुन सक्छ ।

**अन्तिम म्याद ।** कृपया अन्तिम पृष्ठमा रहेको तपाईंको आदेशको म्याद समाप्त हुने मिति याद गर्नुहोस् । यदि तपाईंले समाप्ति मितिमा आदेश थप गर्न चाहनुहुन्छ भने तपाईंले अदालतमा लिखित अनुरोध गर्नु पर्दछ । आदेश समाप्त हुनुभन्दा केही हप्ता पहिले नै त्यसलाई दायर गर्न नबिर्सनुहोस् ।

**बालबालिका ।** अदालतले बच्चाहरूको दीर्घकालीन आवश्यकताहरूलाई सही र पूर्ण रूपमा सम्बोधन गर्न सकोस् भनेर तपाईंले अभिभावकीय, सम्बन्धविच्छेद, छुट्टिएर अलग बस्ने, वा कानुनी रूपमा छुट्टिन मुद्दा दायर गर्नुपर्छ । आदेशको म्याद समाप्त हुँदा, यस RFA आदेशमा रहेका कुनै पनि संरक्षकत्व वा भेट सम्बन्धी सर्तहरू समाप्त हुने छ ।

**सम्पत्ति ।** यदि तपाईं विवाहित हुनुहुन्छ वा कानुनी रूपमा सँगै हुनुहुन्छ भने, सम्पत्तिको अधिकार वा स्वामित्वको बारेमा अन्तिम आदेशहरू प्राप्त गर्न तपाईंले सम्बन्ध विच्छेद, अलग बस्न, वा विच्छेद गर्ने मुद्दा गर्नुपर्दछ । यदि तपाईं विवाहित हुनुहुन्न वा कानुनी रूपमा सँगै बस्नु हुनुहुन्छ भने सम्पत्तिको स्वामित्वको बारेमा अन्तिम आदेश प्राप्त गर्न तपाईंले उच्च (सुपेरियर) अदालतमा सानो दाबी वा कानुनी मुद्दा दायर गर्नु पर्ने हुन्छ ।

**फारमहरू ।** अदालतका कर्मचारीसँग फाराम माग्नुहोस् वा www.vermontjudiciary.org मा जानुहोस् ।

**प्रतिवादीसम्बन्धी जानकारी** *RFA आदेश जारी गरेपछिको लागि:*

अदालतले दुर्व्यवहारबाट राहतसम्बन्धी अन्तिम आदेश जारी गरेको छ। **यदि तपाईंले यो आदेश उल्लङ्घन गर्नुभयो भने तपाईंलाई फौजदारी अदालतमा अभियोग लाग्न सक्दछ।**

**आफूलाई दिइएको आदेश बुझ्ने तरिका।** तपाईंले आदेश उल्लङ्घन नगर्नुहोस् भनेर तपाईंले आदेश पढ्नुपर्छ र ठ्याक्कै यसले के भनेको हो भनेर बुझ्नुपर्छ। यदि तपाईं यो कुरा बुझ्नुभएन भने तपाईं कानुनी सहायता प्राप्त गर्न सक्नुहुन्छ। एक प्रति आफूसँग राख्नुहोस्। तपाईं अदालतबाट थप सामग्री प्राप्त गर्न सक्नुहुने छ।

**कार्यान्वयन।** यो आदेश तपाईं विरूद्ध मात्र जारी भएको छ। तपाईंले मात्र यसको उल्लङ्घन गर्न सक्नुहुनेछ। यदि तपाईंले उल्लङ्घन गर्नुभयो भने तपाईंलाई पक्राउ गर्न सकिने छ। प्रहरीद्वारा आदेश कार्यान्वयन गरिने छ।

**के गर्ने।** यदि तपाईंलाई वादीबाट निश्चित दूरीमा बस्ने आदेश दिइएको छ र तपाईं उहाँसँग आकस्मिक रूपमा सार्वजनिक सम्पर्कमा आउनुभयो भने तपाईं सडक पार गर्नुपर्नेछ, स्टोरबाट बाहिरिनुपर्ने छ वा तुरुन्तै उक्त अवस्थाबाट टाढिनु पर्छ। यदि आदेशमा टेलिफोन सम्पर्क गर्ने अनुमति नदिइएको खण्डमा र वादीले तपाईंलाई सम्पर्क गरेमा फोन राखिदिनुहोस्।

**आदेशमा परिवर्तन।** अदालतले मात्र आदेश परिवर्तन गर्न वा खारेज गर्न सक्छ। यो आदेश तपाईं, वादी वा दुवै पक्षको सम्झौताद्वारा परिवर्तन गर्न सकिँदैन। लिखित अनुरोध अदालतमा दायर गरेर न्यायाधीशले निर्णय गरेपछि मात्रै आदेश परिवर्तन गर्न सकिन्छ। हालको विद्यमान आदेशमा कुनै परिवर्तनहरू गर्नुअघि न्यायाधीशले सुनुवाइ गर्नुपर्ने हुन सक्छ।

**कभरेज (समेट्ने क्षेत्र)।** सुरक्षा निकायका सबै अधिकारीहरू आदेश लागू भएको छ र यसको सर्तहरू के हो भनेर हेर्न राष्ट्रव्यापी सूची जाँच गर्न सक्नुहुन्छ। तपाईंको आदेश राज्य र देशभर लागू हुन्छ।

**फौजदारी आदेशहरू।** तपाईं विरुद्ध कुनै पनि आपराधिक मुद्दा यस RFA मुद्दाबाट अलग रहेको छ। यस पारिवारिक अदालत आदेशले डिस्ट्रिक्ट (फौजदारी) अदालतमा रिहाई वा निगरानीमा राख्ने आदेशहरूको सर्तहरू परिवर्तन गर्दैन। यस RFA आदेशमा गरिएको संशोधन, वा यसलाई खारेज गर्दा, तपाईंको रिहाई वा निगरानीमा राख्ने अवस्थाहरूको सर्तहरू परिवर्तन हुँदैन।

**हातहतियार।** यदि तपाईंले हातहतियार वा गोला बारुद किन्ने वा लिने गर्नुभयो भने तपाईंलाई संघीय अपराधको आरोप लाग्न सक्दछ। यदि तपाईंसँग यसको बारेमा कुनै प्रश्न छन् भने तपाईं कानुनी सहायता प्राप्त गर्ने चाहना गर्न सक्नुहुन्छ।

**आप्रवासन।** यदि तपाईं अमेरिकी नागरिक हुनुहुन्न भने आदेशले यस देशमा बस्ने तपाईंको अधिकारमा असर गर्न सक्दछ। यदि तपाईं अमेरिकी नागरिक हुनुहुन्छ भने यसले तपाईंको देश बाहिर यात्रा गर्ने अधिकारमा असर गर्न सक्दछ। तपाईं कानुनी सहायता प्राप्त गर्न सक्नुहुन्छ।

**व्यक्तिगत सामानहरू।** तपाईंको आदेशले तपाईंलाई घरबाट व्यक्तिगत सामान लिनको लागि अनुमति दिन सक्ने छ। त्यो आदेशले अनुमति दिने ढङ्गबाट मात्रै हुनुपर्दछ। सहायताको लागि आफ्नो स्थानीय प्रहरीलाई सम्पर्क गर्नुहोस्। तपाईंले यस सेवाको लागि शुल्क तिर्नुपर्ने हुन सक्छ।

**अन्तिम म्याद।** यो आदेश अन्तिम पृष्ठमा उल्लेख गरिएको म्याद सकिने मितिसम्म लागू हुनेछ र त्यस बेलासम्म लेखिएको रूपमा लागू गरिने छ।

**बालबालिका।** अदालतले बच्चाहरूको दीर्घकालीन आवश्यकताहरूलाई सही र पूर्ण रूपमा सम्बोधन गर्न सकोस् भनेर तपाईंले अभिभावकीय, सम्बन्धविच्छेद, छुट्टिएर अलग बस्ने, वा कानुनी रूपमा छुट्टिन मुद्दा दायर गर्नुपर्छ। आदेशको म्याद समाप्त हुँदा, यस RFA आदेशमा रहेका कुनै पनि संरक्षकत्व वा भेट सम्बन्धी सर्तहरू समाप्त हुने छ।

**सम्पत्ति।** यदि तपाईं विवाहित हुनुहुन्छ वा कानुनी रूपमा सँगसँगै हुनुहुन्छ भने सम्पत्तिको अधिकार वा स्वामित्वको बारेमा अन्तिम आदेशहरू प्राप्त गर्न, तपाईंले सम्बन्ध बिच्छेद, अलग बस्न, वा विच्छेद गर्ने मुद्दा गर्नुपर्दछ। यदि तपाईं विवाहित हुनुहुन्न वा कानुनी रूपमा सँगै बस्नु हुनुहुन्छ भने सम्पत्तिको स्वामित्वको बारेमा अन्तिम आदेश प्राप्त गर्न तपाईंले उच्च (सुपेरियर) अदालतमा सानो दाबी वा कानुनी मुद्दा दायर गर्नु पर्ने हुन्छ।

**फारमहरू।** अदालतका कर्मचारीसँग फाराम माग्नुहोस् वा www.vermontjudiciary.org मा जानुहोस्।